वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४५ अंक १५१ २०८३ असोज १८ गते आइतबार, नेपाल सम्वत् ११४६ October 04, 2026 पृष्ठ ४ मूल्य : रू. १५/-






## हाटबजारमा उत्पादक र उपभोक्ताको भेटघाट

तनहुँको बन्दीपुर गाउँपालिकाले बन्दीपुरमा सञ्चालनमा ल्याएको कृषि हाटबजारमा उत्पादक र उपभोक्ताहरू स्थानीय उत्पादित कृषि उपज खरिद बिक्री गर्दै । गाउँपालिकाले बिचौलियाको अन्त्य गर्दै स्थानीय कृषि उपजलाई सहज रूपमा खरिद बिक्री गर्ने व्यवस्था मिलाउनका लागि प्रत्येक शुक्रबार कृषि हाटबजार सञ्चालनमा ल्याएको छ । हाटबजारमा उत्पादक र उपभोक्ताको आकर्षण बढ्दै गएपछि वडा नं. १ को डुम्रे बजारमा पनि कृषि हाटबजार सञ्चालन गर्ने तयारी गरेको छ।

*तस्विर : भञ्ज्याङ*

# चैते धानमा तनहुँको जोड

## ८८६.५६ मेट्रिक टन उत्पादन, ९५ लाखको कार्यक्रमबाट बीउदेखि सिँचाइ र यान्त्रिकीकरणसम्म सहयोग

**भञ्ज्याङ समाचारदाता/दमौली**

वर्षे धानमा निर्भर तनहुँको कृषि प्रणालीमा चैते धानलाई समेत उत्पादनको महत्वपूर्ण आधार बनाउने प्रयास थालिएको छ । गत आर्थिक वर्ष कृषि विकास कार्यालय तनहुँले चैते धानको क्षेत्र विस्तार, उत्पादन वृद्धि र खेतीमा आधुनिक प्रविधिको प्रयोग बढाउने उद्देश्यले सञ्चालन गरेको प्रवर्द्धन कार्यक्रमबाट जिल्लामा तीन हजार ८०५ रोपनी क्षेत्रफलमा चैते धान खेती गरिएको छ ।

कार्यालयका अनुसार उक्त क्षेत्रफलबाट करिब ८८६ दशमलव ५६ मेट्रिक टन चैते धान उत्पादन भएको छ । एउटै खेतबाट वर्षमा थप उत्पादन लिन सकिने सम्भावनालाई उपयोग गर्दै कार्यालयले सिँचाइ सुविधा भएका तथा चैते धानका लागि उपयुक्त क्षेत्र पहिचान गरी खेती विस्तारमा जोड दिएको हो ।

चैते धान प्रवर्द्धन कार्यक्रमका लागि गत आर्थिक वर्ष रू ९५ लाख बजेट विनियोजन गरिएको थियो । त्यसमध्ये रू ८७ लाख ९७ हजार खर्च भएको कृषि विकास कार्यालयका प्रमुख परशुराम अधिकारीले जानकारी दिए । उनका अनुसार कार्यक्रमको प्राथमिकता खेती विस्तारसँगै किसानलाई उत्पादन सामग्री, उन्नत बीउ, कृषि यन्त्र र सिँचाइ पूर्वाधारमा सहयोग पुर्‍याउने रहेको छ ।

चैते धान खेतीप्रति किसानको आकर्षण बढाउन कार्यालयले १३ वटा कृषक समूह तथा कृषि सहकारीमार्फत विभिन्न सामग्री तथा यन्त्र उपकरणमा अनुदान उपलब्ध गराएको छ । कार्यक्रमअन्तर्गत किसानलाई पाँच हजार ३१६ किलोग्राम धानको बीउ उपलब्ध गराइएको थियो ।



धान उत्पादनमा श्रम तथा लागत घटाउने उद्देश्यले कृषि यान्त्रिकीकरणलाई समेत कार्यक्रमसँग जोडिएको छ । किसानलाई दुईवटा मल्टिक्रप थ्रेसर, एक मिनीटिलर, तीनवटा डिजिटल तराजु, १३ वटा कम्बाइन मिल, छवटा स्प्रेयर र ३४१ वटा त्रिपाल उपलब्ध गराइएको कार्यालयले जनाएको छ ।

रोपाइँदेखि कटानी र प्रशोधनसम्मका काममा यन्त्रको प्रयोग बढाउन सके उत्पादन लागत घट्नुका साथै श्रमिकको अभावका कारण खेतीमा देखिने समस्या पनि कम गर्न सकिने कार्यालयको अपेक्षा छ । प्रमुख अधिकारीका अनुसार किसानको आवश्यकता र खेतीको चरणअनुसार उपयोग हुने उपकरण उपलब्ध गराइएको हो ।

चैते धान खेती विस्तारका लागि भने सिँचाइ सबैभन्दा महत्वपूर्ण पूर्वाधारमध्ये एक बनेको छ । वर्षायाममा हुने धान खेतीको तुलनामा चैते धानका लागि नियमित सिँचाइ आवश्यक पर्ने भएकाले कार्यालयले उत्पादन सामग्रीसँगै सिँचाइ पूर्वाधार निर्माणमा पनि लगानी गरेको हो ।

कार्यक्रमअन्तर्गत दुई हजार तीन मिटर पक्की सिँचाइ कुलो निर्माण गरिएको छ । उक्त कुलो निर्माणपछि करिब १२ हेक्टर क्षेत्रफलमा थप सिँचाइ सुविधा विस्तार भएको कार्यालय प्रमुख अधिकारीले बताए। सिँचाइको पहुँच बढेपछि चैते धान खेती गर्न चाहने किसानका लागि थप क्षेत्र उपलब्ध

बाँकी तेश्रो पेजमा

# घरघरमै पुगेर गाईभैंसीलाई खोरेतविरूद्धको खोप

**भञ्ज्याङ समाचारदाता/भिमाद**

पशु स्वास्थ्य संरक्षण तथा गाईभैंसीमा देखिने खोरेत रोगको जोखिम न्यूनीकरण गर्न भिमाद नगरपालिकाले घरघरमै पुगेर पशुलाई खोप लगाउने सेवा सुरू गरेको छ । नगरपालिकाले पशु स्वास्थ्य प्राविधिकलाई किसानका घरगोठमै परिचालन गरी गाईभैंसीलाई खोरेतविरूद्धको खोप लगाउने व्यवस्था मिलाएको हो । सहजता ल्याउने उद्देश्यले प्राविधिक जनशक्ति परिचालन गरेको जनाएको छ । घरमै प्राविधिक पुगेर खोप लगाउने भएपछि किसानले पशु लिएर पशु सेवा केन्द्रसम्म पुग्नुपर्ने बाध्यता हटेको छ ।

खोरेतविरूद्धको खोपले पशुलाई रोगबाट जोगाउन तथा संक्रमण फैलिन नदिन महत्वपूर्ण भूमिका खेल्ने भएकाले नगरपालिकाले खोप अभियानलाई प्रभावकारी बनाउन जोड दिएको



खोरेत गाई, भैंसीलगायत खुर भएका पशुमा लाग्ने संक्रामक रोग हो । रोग फैलिएमा पशुमा उच्च ज्वरो आउने, मुख तथा खुट्टामा घाउ हुने, खान नसक्ने र दूध उत्पादन घट्ने समस्या देखिन सक्छ । संक्रमण तीव्र रूपमा फैलिन सक्ने भएकाले समयमै खोप लगाउनु पशु स्वास्थ्य संरक्षणका लागि महत्वपूर्ण मनिएकाले नगरपालिकाले यो कार्यक्रम सञ्चालन गरेको हो ।

नगरपालिकाले किसानलाई पशु स्वास्थ्य सेवाको पहुँचमा छ । विशेषगरी व्यावसायिक रूपमा गाईभैंसी पालन गर्ने किसानका लागि पशुमा रोगको संक्रमण हुँदा उत्पादनमा प्रत्यक्ष असर पर्ने भएकाले नियमित खोपलाई प्राथमिकतामा राखिएको नगरपालिकाको पशु शाखाले जनाएको छ ।

पशुमा रोग लागेपछि उपचार गर्नुभन्दा रोग लाग्नुअघि नै आवश्यक सावधानी अपनाउनु प्रभावकारी हुने भएकाले नगरपालिकाले खोप सेवालाई घरदैलोमै पुर्‍याइएको छ।

बाँकी तेश्रो पेजमा

# विद्यालय शिक्षा बदल्ने ८ प्रस्ताव

नेपाल सरकार यति बेला विद्यालय तहको पाठ्यक्रम परिमार्जन, शिक्षा सम्बन्धी कानुन र नियमावली संशोधन तथा विद्यालय तहको समग्र योजना निर्माणको महत्वपूर्ण चरणमा छ। पछिल्ला दशकहरूमा विद्यालय शिक्षामा पहुँच र सहभागिताका क्षेत्रमा उल्लेखनीय प्रगति भए पनि शिक्षाको गुणस्तर, विद्यार्थीको सिकाइ उपलब्धि, शिक्षकको व्यावसायिक क्षमता, शैक्षिक सुशासन तथा प्रणालीगत व्यवस्थापन अझै पनि प्रमुख चुनौतीका रूपमा छन्।

नेपालमा विभिन्न समयमा महत्वपूर्ण राजनीतिक परिवर्तनहरु भए । ती प्रत्येक परिवर्तनसँगै शिक्षा क्षेत्रलाई पनि रूपान्तरण गर्ने अवसरहरु प्राप्त भए । तर अपेक्षा अनुसार विद्यालय शिक्षा प्रणालीको संरचना, कार्यसम्पादन, जबाफदेहिता र सिकाइ उपलब्धिमा दीर्घकालीन तथा प्रणालीगत सुधार ल्याउन हामी अझै पूर्ण रूपमा सफल हुन सकेका छैनौं ।

अहिले फेरि नेपालको विद्यालय शिक्षा सुधारका लागि एउटा महत्वपूर्ण अवसर हाम्रो सामुन्ने आएको छ। पाठ्यक्रम परिमार्जन, शिक्षा सम्बन्धी कानुन तथा नियमावलीको पुनरवलोकन र संघीय संरचना अनुसार शैक्षिक शासन प्रणालीलाई थप प्रभावकारी बनाउने यस चरणलाई विगतका कमजोरीबाट सिक्दै दिगो र परिणाममुखी सुधारको आधार तयार गर्ने अवसरका रूपमा उपयोग गर्न आवश्यक छ ।

यसै सन्दर्भमा, शिक्षा क्षेत्रमा लामो समयदेखि काम गर्दा प्राप्त अनुभव, विभिन्न स्थानीय तथा प्रदेश सरकारसँगको सहकार्यबाट प्राप्त सिकाइ, विद्यालय तथा कक्षाकोठा तहमा गरिएका अवलोकन र पछिल्ला अन्तर्राष्ट्रिय अनुभवका आधारमा नेपालको विद्यालय शिक्षा सुधारका लागि केही विचारहरु प्रस्तुत गर्न चाहन्छु।

**१. विश्वविद्यालयस्तरको शिक्षक शिक्षा तथा शिक्षक तयारी कार्यक्रममा आमूल परिवर्तन**

नेपालमा शिक्षक उत्पादन गर्ने विश्वविद्यालयस्तरका शिक्षक शिक्षा तथा तयारी कार्यक्रममै आमूल परिवर्तन आवश्यक छ। हालका कार्यक्रमहरूमा सैद्धान्तिक पक्षलाई बढी प्राथमिकता दिइएको देखिन्छ, जबकि शिक्षण आफैमा व्यावहारिक तथा प्राविधिक सीपमा आधारित पेसा हो । शिक्षकको शिक्षण सीप विकासका लागि सीमित संख्यामा पाठ शिक्षण गर्ने अभ्यास मात्र पर्याप्त हुँदैन। त्यसैले विश्वविद्यालयका शिक्षक शिक्षा कार्यक्रममा कम्तीमा एक सेमेस्टर वा एक वर्ष विद्यालयमा आधारित शिक्षण अभ्यास अनिवार्य गर्ने व्यवस्था आवश्यक छ ।

साथै, शिक्षक तालिम सहजीकरण, विद्यार्थी मूल्यांकन, पाठ्यक्रम विकास, कक्षा व्यवस्थापन, शैक्षिक योजना निर्माण, समावेशी शिक्षण तथा अभिभावक–समुदायसँगको सहकार्यजस्ता विषयमा पनि विद्यार्थीलाई वास्तविक अभ्यासको अवसर दिनुपर्छ । विश्वविद्यालयका शिक्षा कार्यक्रमलाई केवल प्रमाणपत्र प्राप्त गर्ने माध्यमका रूपमा नभई 'सिक्दै गर्ने र गर्दै सिक्ने' मोडलमा आधारित व्यावसायिक तयारी कार्यक्रमका रूपमा विकास गर्न आवश्यक छ। यसले शिक्षक बन्ने विद्यार्थीलाई प्रारम्भिक व्यावसायिक अनुभव प्रदान गर्नुका साथै विद्यालयमा देखिएको शिक्षक अभावलाई समेत केही हदसम्म सम्बोधन गर्न सहयोग पुऱ्याउन सक्छ ।

**२. परीक्षा प्रणालीलाई मिश्रित तथा प्रयोगात्मक बनाउनुपर्ने**

सबै तहका परीक्षा प्रणालीलाई क्रमशः मिश्रित मूल्यांकन प्रणालीमा रूपान्तरण गर्न आवश्यक छ। विद्यार्थीको सैद्धान्तिक ज्ञान र अवधारणात्मक बुझाइ मापन गर्न सीमित प्रतिशतमा लिखित परीक्षा राख्न सकिए पनि अधिकांश मूल्यांकनलाई परियोजना कार्य, प्रयोगात्मक अभ्यास, समस्या समाधान, प्रस्तुतीकरण, अनुसन्धान तथा अन्य कार्यसम्पादनमा आधारित बनाउनुपर्छ । विशेषगरी विद्यालय तहमा विद्यार्थीले वर्षभरि गरेका वास्तविक सिकाइ गतिविधि र परियोजनालाई मूल्याङ्कनको महत्वपूर्ण आधार बनाउन सकिन्छ।

तर परियोजना कार्य नगरी वा विद्यार्थीको वास्तविक कार्यसम्पादन परीक्षण नगरी अंक प्रदान गर्ने अभ्यासलाई पूर्ण रूपमा निरूत्साहित गर्नुपर्छ । यसका लागि शिक्षकको मूल्यांकन अभ्यासलाई पारदर्शी बनाउने, अनुगमन गर्ने र आवश्यक अवस्थामा जबाफदेही बनाउने प्रभावकारी प्रणाली विकास गर्न आवश्यक छ।

**३. शिक्षक लाइसेन्स प्रणालीलाई परीक्षा केन्द्रित नभई पेशागत दक्षतामा आधारित बनाउनुपर्ने**

शिक्षक लाइसेन्स प्रदान गर्ने वर्तमान प्रणालीलाई पनि पुनर्विचार गर्न आवश्यक छ । निश्चित समयभित्र गरिने लिखित परीक्षामार्फत सैद्धान्तिक ज्ञान परीक्षण गर्नु मात्र शिक्षकको व्यावसायिक क्षमता सुनिश्चित गर्ने पर्याप्त आधार हुन सक्दैन।

शिक्षण अभ्यास, पेसागत विकास, कक्षा अवलोकन, विद्यार्थी सिकाइमा योगदान तथा व्यावसायिक आचारसंहिताजस्ता पक्षलाई पनि शिक्षक लाइसेन्सको आधार बनाउनुपर्छ । शिक्षक लाइसेन्स प्राप्त गर्नुअघि निश्चित अवधिको शिक्षक तयारी तथा व्यावसायिक योग्यता कार्यक्रम अनिवार्य गर्ने व्यवस्था गर्न सकिन्छ ।

यस्तो कार्यक्रम विश्वविद्यालयबाट सञ्चालन गर्न सकिन्छ र सम्बन्धित विषयमा उच्च शिक्षा हासिल गरेका विभिन्न पृष्ठभूमिका व्यक्तिलाई आवश्यक शिक्षक तयारी कार्यक्रम पूरा गरेपछि शिक्षण पेशामा प्रवेश गर्ने अवसर दिन सकिन्छ।

त्यसैगरी, शिक्षक लाइसेन्सलाई जीवनभरका लागि स्थायी प्रमाणपत्रका रूपमा मात्र नराखी निश्चित अवधिपछि नवीकरण हुने पेसागत लाइसेन्स प्रणाली विकास गर्नुपर्छ। उदाहरणका लागि, कुनै व्यक्तिले २५ वर्षको उमेरमा लाइसेन्स प्राप्त गरेपछि लामो समयसम्म शिक्षण पेशामा सक्रिय नभएको अवस्थामा केवल पुरानो लाइसेन्सका आधारमा तत्काल शिक्षकका रूपमा प्रवेश गर्ने व्यवस्था उपयुक्त नहुन सक्छ ।

**४. शिक्षक बन्ने तथा स्थायी नियुक्ति हुने प्रक्रियामा परिवर्तन**

शिक्षक बन्ने वर्तमान प्रक्रियामा पनि व्यावहारिक अनुभवलाई पर्याप्त महत्व दिन आवश्यक छ । सम्बन्धित विषय र तहको शैक्षिक योग्यता हासिल गर्ने, शिक्षक लाइसेन्स लिने र लिखित प्रतिस्पर्धात्मक परीक्षा उत्तीर्ण गर्ने प्रक्रियाबाट मात्र स्थायी शिक्षक बन्ने व्यवस्थाले शिक्षण पेसाको व्यावहारिक र पेसागत पक्षलाई पर्याप्त रूपमा समेट्न नसक्ने देखिन्छ।

शिक्षक बन्नुअघि निश्चित अवधिको विद्यालयमा आधारित शिक्षण अनुभव र पेशागत विकासमा सहभागिता अनिवार्य गर्न सकिन्छ। त्यसपछि नियुक्त भएका नयाँ शिक्षकलाई प्रारम्भिक रूपमा करिब दुई वर्षको व्यावसायिक परीक्षण तथा विकास अवधिमा राख्न सकिन्छ ।

यस अवधिमा अनुभवी शिक्षक वा मेन्टरबाट निरन्तर सहयोग, कक्षा अवलोकन, प्रतिक्रिया, सहकर्मी सिकाइ र कार्यमूलक अनुसन्धानमा संलग्न गराउनुपर्छ । दुई वर्षको अवधिमा शिक्षकले गरेको शिक्षण कार्य, पेसागत विकास, कक्षा व्यवस्थापन, विद्यार्थीको सिकाइमा गरेको योगदान तथा कार्यमूलक अनुसन्धानका आधारमा समग्र मूल्यांकन गरी स्थायी नियुक्तिको निर्णय गर्ने प्रणाली विकास गर्न सकिन्छ । यस्तो व्यवस्थाले शिक्षकलाई आफ्नो पेसागत विकास र विद्यार्थीको सिकाइप्रति थप जिम्मेवार र उत्तरदायी बनाउन सहयोग गर्न सक्छ ।

**५. शिक्षक तालिमलाई निरन्तर पेसागत विकास तथा विद्यालयमा आधारित सहयोग प्रणालीमा रूपान्तरण**

शिक्षक तालिमको वर्तमान मोडेलमा पनि आमूल परिवर्तन आवश्यक छ । निश्चित केन्द्रमा शिक्षकलाई बोलाएर वर्षको कुनै समयमा सञ्चालन गरिने छोटो अवधिका, व्याख्यान वा कार्यक्रम केन्द्रित तालिमले मात्र कक्षाकोठामा अपेक्षित परिवर्तन ल्याउन कठिन देखिएको छ । तालिमपछि कक्षाकोठामा सिकाइ कार्यान्वयन भए/नभएको अवलोकन गर्ने र आवश्यक थप सहयोग प्रदान गर्ने प्रणाली नहुँदा धेरै तालिम प्रमाणपत्र प्राप्त गर्ने गतिविधिमा सीमित हुने गरेको देखिन्छ ।

तालिमलाई शिक्षकको निरन्तर पेसागत विकाससँग जोड्न आवश्यक छ। प्रत्येक शिक्षकले वार्षिक रूपमा आफ्नो व्यक्तिगत पेसागत विकास योजना तयार गर्ने र त्यसका आधारमा स्थानीय तह तथा विद्यालयले आवश्यक सहयोग, सहजीकरण र क्षमता विकासका अवसर प्रदान गर्ने प्रणाली विकास गर्नुपर्छ ।

शिक्षा तालिम केन्द्रहरूको भूमिका पनि केवल शिक्षकलाई तालिम दिने संस्थाका रूपमा सीमित नराखी विद्यालय तथा स्थानीय तहको पेशागत क्षमता विकासका लागि प्राविधिक सहयोग र मानवस्रोत विकास केन्द्रका रूपमा रूपान्तरण गर्नुपर्छ। कक्षा अवलोकन, मेन्टरिङ, कोचिङ, सहकर्मी सिकाइ, व्यावसायिक सिकाइ समुदाय, कार्यमूलक अनुसन्धान र अनसाइट सहयोगलाई शिक्षक विकासको नियमित प्रक्रियामा जोड्नुपर्छ ।

**६. स्थानीय शिक्षा नेतृत्वमा पेसागत अनुभव र नेतृत्व क्षमतालाई प्राथमिकता**

स्थानीय तहको शिक्षा क्षेत्रको नेतृत्व गर्ने पदलाई पनि थप व्यावसायिक र अनुभवमा आधारित बनाउन आवश्यक छ। शिक्षा प्रशासन तथा व्यवस्थापन सम्बन्धी शैक्षिक योग्यता र प्रतिस्पर्धात्मक परीक्षा मात्र स्थानीय तहको समग्र शिक्षा प्रणालीको नेतृत्वका लागि पर्याप्त आधार नहुन सक्छ । विद्यालय, शिक्षक, विद्यार्थी, अभिभावक तथा स्थानीय शिक्षा प्रणालीसँग प्रत्यक्ष रूपमा काम गरेको अनुभवले शिक्षा नेतृत्वलाई थप प्रभावकारी बनाउन सक्छ।

यसका लागि स्थानीय तहको शिक्षा नेतृत्वमा शिक्षक वा प्रधानाध्यापकका रूपमा काम गरेका न्यूनतम पाँच वर्षको व्यवस्थापकीय तथा नेतृत्व अनुभव भएको व्यक्तिलाई प्रतिस्पर्धाका लागि योग्य बनाउने विकल्पमा विचार गर्न सकिन्छ । खुला तथा पारदर्शी प्रतिस्पर्धामार्फत अनुभवी शैक्षिक नेतृत्व छनोट गर्ने प्रणालीले विद्यालयस्तरको अनुभवलाई स्थानीय शिक्षा प्रशासनसँग जोड्न सक्छ ।

यसले शिक्षक तथा प्रधानाध्यापकका लागि पनि शिक्षणबाट शैक्षिक नेतृत्वतर्फ अघि बढ्ने स्पष्ट व्यावसायिक मार्ग निर्माण गर्न सक्छ । स्थानीय तहको शिक्षा नेतृत्वमा शैक्षिक तथा पेसागत अनुभव भएको व्यक्तिले शिक्षा क्षेत्रको नेतृत्व गर्ने र सामान्य प्रशासनिक कार्यमा प्रमुख प्रशासकीय अधिकृत तथा सम्बन्धित प्रशासनिक संयन्त्रसँग समन्वय गर्ने स्पष्ट कार्यविभाजन गर्न सकिन्छ ।

**७. विद्यालय पाठ्यक्रमलाई लचिलो, स्थानीय र शिक्षकको सक्रिय भूमिकामा आधारित बनाउनुपर्ने**

विद्यालय तहको पाठ्यक्रममा पनि रूपान्तरणकारी परिवर्तन आवश्यक छ । वर्तमान पाठ्यक्रम धेरै विषयवस्तु समेटिएको, तुलनात्मक रूपमा कठोर र केन्द्रबाट निर्देशित रहेको हुँदा यसको पूर्ण तथा प्रभावकारी कार्यान्वयन चुनौतीपूर्ण देखिन्छ । पाठ्यक्रम आफैमा मात्र समस्या नभई त्यसको कार्यान्वयनको तरिका पनि महत्वपूर्ण विषय हो ।

अब केन्द्रबाट हरेक विषयको विस्तृत पाठ्यक्रम, विषयवस्तु र सिकाइ गतिविधि निर्धारण गरी विद्यालयमा पठाउने अभ्यासबाट क्रमशः परिवर्तन गर्न आवश्यक छ । केन्द्रले मुख्यतः राष्ट्रिय पाठ्यक्रम प्रारूप, न्यूनतम सिकाइ उपलब्धि र राष्ट्रिय मापदण्ड निर्धारण गर्ने र स्थानीय तह, विद्यालय तथा शिक्षकलाई त्यसको स्थानीय आवश्यकता र विद्यार्थीको सन्दर्भ अनुसार विस्तृतीकरण गर्ने पर्याप्त स्वायत्तता दिन सकिन्छ ।

शिक्षकले आफ्ना सहकर्मीसँग सहकार्य गरी विषयगत सिकाइ योजना, दैनिक सिकाइ उद्देश्य, सिकाइ गतिविधि, स्थानीय सामग्री तथा मूल्यांकनका उपाय विकास गर्ने अवसर पाउनुपर्छ । यसले शिक्षकलाई पाठ्यक्रमको केवल कार्यान्वयनकर्ता नभई पाठ्यक्रम विकास र कार्यान्वयनको सक्रिय पेसागत नेतृत्वकर्ता बनाउँछ ।

दैनिक रूपमा शिक्षकले आफूले पढाउने विषयवस्तु र सिकाइ गतिविधिको तयारी गर्ने, आवश्यक सामग्री विकास गर्ने र विद्यार्थीको सिकाइ आवश्यकताअनुसार शिक्षण विधि छनोट गर्ने अभ्यासलाई पनि प्रणालीगत रूपमा स्थापित गर्न आवश्यक छ । अन्यथा केन्द्रमा जतिसुकै राम्रो पाठ्यक्रम विकास गरे पनि विद्यालयमा त्यसको कार्यान्वयन पुस्तकमा आधारित र तयारीविहीन शिक्षणमा सीमित हुने जोखिम देखिन्छ ।

त्यसैले नेपालको विद्यालय शिक्षाको आगामी सुधारले केवल 'नयाँ पाठ्यक्रम बनाउने, पुस्तक लेख्ने, छाप्ने र वितरण गर्ने' परम्परागत चक्रलाई निरन्तरता दिनुभन्दा शिक्षकबाट नै विकास गरिने पाठ्यक्रमको विकासमा जोड दिई शिक्षक शिक्षणपूर्वको शिक्षक तयारीलाई सुनिश्चित गरिनुपर्छ।

**८. विद्यालयको व्यवस्थापन र नेतृत्वमा संरचनात्मक परिवर्तन**

विद्यालयको समग्र गुणस्तर सुधारका लागि विद्यालय व्यवस्थापन र नेतृत्वको वर्तमान अभ्यासमा पनि परिवर्तन आवश्यक छ । विद्यालय व्यवस्थापन समितिमा अभिभावकको सहभागिता महत्वपूर्ण भए पनि विद्यालय शिक्षा, व्यवस्थापन र नेतृत्वबारे ज्ञान तथा अनुभव भएका व्यक्तिको समेत अर्थपूर्ण सहभागिता र नेतृत्व सुनिश्चित गर्न आवश्यक देखिन्छ। केवल अभिभावकको प्रतिनिधित्वमा सीमित व्यवस्थापन समितिले विद्यालय सुधारमा अपेक्षित सक्रिय तथा प्राविधिक भूमिका निर्वाह गर्न नसक्ने अवस्था देखिएको छ।

त्यसैले अभिभावकको प्रतिनिधित्व कायम राख्दै शिक्षा, व्यवस्थापन, समुदाय विकास तथा अन्य सम्बन्धित क्षेत्रमा अनुभव भएका व्यक्तिको सहभागितासहितको सक्षम विद्यालय व्यवस्थापन समिति निर्माण गर्ने व्यवस्था आवश्यक छ ।

बाँकी तेश्रो पेजमा


योगेन्द्र चापागाई

> यस मोडलमा प्रधानाध्यापकले शिक्षकको पेसागत विकास, कक्षा अवलोकन तथा प्रतिक्रिया, पाठ्यक्रम कार्यान्वयन, विद्यार्थीको सिकाइ उपलब्धि, शैक्षिक योजना र विद्यालय सुधारको नेतृत्व गर्ने छन् । अर्कोतर्फ, प्रशासनिक नेतृत्वले बजेट, खरिद, अभिलेख, भौतिक पूर्वाधार, मानवस्रोत व्यवस्थापन तथा दैनिक प्रशासनिक कार्यको जिम्मेवारी सम्हाल्नेछ ।

## तपाईंको आज

**मेष**
नयाँ कामको अवसर मिल्नेछ। आम्दानी बढ्नेछ, पारिवारिक सहयोग पाइनेछ। यात्राको सम्भावना छ ।

**वृष**
रोकिएका काम अघि बढ्नेछन्। आर्थिक लाभ हुनेछ। स्वास्थ्यमा ध्यान दिनुहोस्।

**मिथुन**
नयाँ सम्पर्कले फाइदा पुग्नेछ। व्यवसायमा प्रगति हुनेछ। खर्च भने बढ्न सक्छ। यात्रो योग छ ।

**कर्कट**
काममा उत्साह बढ्नेछ। परिवारमा खुसी छाउनेछ। महत्वपूर्ण निर्णय सोचेर लिनुहोस्।

**सिंह**
मेहनतको राम्रो परिणाम प्राप्त हुनेछ । आर्थिक पक्ष बलियो बन्नेछ । स्वास्थ्यको ख्याल गर्नुहोला ।

**कन्य**
जिम्मेवारी थपिए पनि काम सफल हुनेछ । आफन्तबाट सहयोग मिल्नेछ । खर्च बढ्न सक्छ ।

**तुला**
नयाँ अवसर प्राप्त हुनेछ । व्यापारमा लाभ हुनेछ । यात्राको सम्भावना छ । आम्दानी बढ्न सक्छ ।

**वृश्चिक**
विवादबाट टाढा रहनुहोस्। रोकिएको रकम प्राप्त हुन सक्छ । स्वास्थ्य सामान्य रहनेछ ।

**धनु**
सामाजिक प्रतिष्ठा बढ्नेछ। नयाँ काम सुरू गर्न अनुकूल समय छ। आर्थिक लाभ हुनेछ।

**मकर**
कार्यक्षेत्रमा सफलता मिल्नेछ। पारिवारिक सम्बन्ध सुमधुर रहनेछ । अनावश्यक खर्च रोक्नुहोस्।

**कुम्भ**
योजनाअनुसार काम अघि बढ्नेछ । नयाँ जिम्मेवारी प्राप्त हुन सक्छ । मन प्रसन्न रहनेछ ।

**मीन**
अध्ययन तथा सिर्जनात्मक काममा सफलता मिल्नेछ। आर्थिक पक्ष सुधारिनेछ, यात्रा लाभदायी हुनेछ ।

# राजश्व चुहावट रोक्न तनहुँमा छड्के निरीक्षण

भञ्ज्याङ समाचारदाता/दमौली

तनहुँमा राजश्व चुहावट तथा चोरी निकासी नियन्त्रण गर्न सम्बन्धित निकायले नियमित सूचना आदानप्रदानसँगै छड्के निरीक्षण गर्ने भएका छन् । राजश्व चुहावट हुने सम्भावित क्षेत्र पहिचान गरी संयुक्त रूपमा अनुगमन गर्ने र निरीक्षण तथा कारबाहीका गतिविधि सार्वजनिक गर्ने निर्णय जिल्लास्तरीय राजश्व चुहावट नियन्त्रण समन्वय समितिले गरेको हो ।



प्रमुख जिल्ला अधिकारी शिवलाल तिवारीको अध्यक्षतामा बसेको समितिको बैठकले राजश्व संकलनलाई प्रभावकारी बनाउने र चुहावट नियन्त्रण गर्ने उद्देश्यले सम्बन्धित कार्यालय तथा स्थानीय तहबीच समन्वय बढाउने निर्णय गरेको हो। बैठकले चालु आर्थिक वर्षमा राजश्व संकलन तथा चुहावट नियन्त्रणका लागि विभिन्न निकायले तयार गरेका कार्ययोजना र भइरहेका कामकारबाहीको समीक्षा गरेको थियो।

बैठकले जिल्लामा ठूलो परिमाणमा राजश्व चुहावट हुन सक्ने क्षेत्र पहिचान गरी नियमित रूपमा समितिमा छलफलका लागि पेश गर्ने जिम्मेवारी आन्तरिक राजश्व कार्यालय दमौलीलाई दिएको छ। सम्भावित जोखिम क्षेत्र पहिचान भएपछि सम्बन्धित निकायबीच समन्वय गरी आवश्यक अनुगमन तथा निरीक्षण गर्ने व्यवस्था मिलाइने भएको छ ।

स्थानीय तहले प्राकृतिक स्रोत तथा अन्य आम्दानीका लागि गर्नुपर्ने ठेक्कापट्टाको प्रक्रियामा हुने ढिलाइले राजश्व गुम्ने तथा चोरी निकासी बढ्न सक्ने विषयलाई पनि बैठकले गम्भीरतापूर्वक उठाएको छ । प्रक्रियागत काममा ढिलाइ नगरी आवश्यक निर्णय गरेर तत्काल ठेक्कापट्टा अघि बढाउन पालिकालाई अनुरोध गर्ने निर्णय गरिएको प्रमुख जिल्ला अधिकारी तिवारीले जानकारी दिए।

स्थानीय तहमा राजश्व चुहावट भएको पहिचान भएपछि सम्बन्धित करदातालाई कर तथा जरिवाना लगाएर मात्र प्रक्रिया टुंग्याउने गरिएको विषयमा समेत बैठकमा छलफल भएको थियो । यस्तो प्रक्रियालाई व्यवस्थित बनाउन कानुनबमोजिम कर अधिकृत तथा राजश्व अधिकृतले कर, गैरकर तथा शुल्क निर्धारण आदेश जारी गर्न सक्ने व्यवस्था आवश्यक रहेको बैठकले निष्कर्ष निकालेको छ ।

जिल्लाका कतिपय व्यापार तथा व्यवसाय अझै व्यवसाय दर्ता र कर दर्ताको प्रक्रियामा नआएको विषयलाई समेत बैठकले प्राथमिकतामा राखेको छ । त्यस्ता व्यवसायलाई करको दायरामा ल्याउन पालिका तथा वडा कार्यालय, उद्योग वाणिज्य सङ्घ तनहुँ र आन्तरिक राजश्व कार्यालयले संयुक्त रुपमा करदातामैत्री सर्वेक्षण, निरीक्षण तथा अनुगमन गर्ने निर्णय गरिएको छ। करसम्बन्धी जानकारी दिन प्रचारप्रसारलाई समेत प्रभावकारी बनाइने भएको छ।

त्यस्तै, पालिकाले ठेक्का लगाएर वा आफ्नै जनशक्तिमार्फत विज्ञापन, मनोरञ्जन तथा अन्य रोयल्टीसम्बन्धी कार्यबाट राजश्व संकलन गर्दा मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम लाग्ने मूल्य अभिवृद्धि करसमेत संकलन हुने गरी बिलबिजक जारी गर्ने व्यवस्था मिलाउनुपर्ने निर्णय गरिएको छ।

राजश्व चुहावट नियन्त्रणका लागि प्रशासन, स्थानीय तह, कर प्रशासन, सुरक्षा निकाय तथा निजी क्षेत्रबीच नियमित समन्वय र सूचना आदानप्रदानलाई संस्थागत गर्ने निर्णयले कर छली तथा चोरी निकासी नियन्त्रणमा जोड दिएको छ । बैठकले भएका निर्णय कार्यान्वयनमा सम्बन्धित निकायलाई सक्रिय भूमिका निर्वाह गर्न आग्रह गरेको छ ।

# नदी कटानले डेढगाउँ-मन्दार पुल अवरूद्ध

भञ्ज्याङ समाचारदाता/तनहुँ

कालीगण्डकी नदीमा आएको कटानका कारण नवलपुरको बौदीकाली गाउँपालिका-२ डेढगाउँ र तनहुँको घिरिङ गाउँपालिका-४ मन्दार जोड्ने मोटरेबल पुल पूर्ण रूपमा अवरूद्ध भएको छ। पुलको दुवैतर्फ नदीले कटान गरेपछि सवारीसाधनसँगै पैदल यात्रुसमेत आवतजावत गर्न नसक्ने अवस्था बनेको हो । पुल अवरूद्ध भएपछि डेढगाउँ र मन्दारबीचको नियमित आवतजावत प्रभावित भएको छ। स्थानीयवासी, यात्रु तथा मालसामान ओसारपसारमा समेत समस्या उत्पन्न भएको छ । कालीगण्डकी नदीमा पानीको बहाव र कटानका कारण पुलको पहुँच क्षेत्रमा क्षति पुगेपछि आवागमन बन्द गरिएको हो ।

पुलको दुवैतर्फ नदी कटान भएको स्थानमा आवश्यक संरचना निर्माण तथा मर्मतको प्रक्रिया अघि बढाइएको जनाइएको छ। सम्बन्धित निकायले प्रारम्भिक तयारी पूरा गरी एक-दुई दिनभित्रै निर्माण कार्य सुरू गर्ने तयारी गरेको छ ।

पुलको पहुँच मार्ग र कटान प्रभावित भागमा आवश्यक संरचना निर्माण गरी आवागमन पुनः सञ्चालन गर्ने तयारी भइरहेको छ । निर्माण कार्य शीघ्र अघि बढेमा डेढगाउँ-मन्दारबीच अवरूद्ध भएको यातायात सम्पर्क पुनः सञ्चालनमा आउने अपेक्षा गरिएको छ ।

डेढगाउँ र मन्दारलाई जोड्ने पुल स्थानीयवासीका लागि दैनिक आवतजावतसँगै व्यापार, कृषि उपज तथा आवश्यक सामग्री ओसारपसारका लागि महत्वपूर्ण रहेको छ। पुल अवरूद्ध हुँदा दुवै क्षेत्रका बासिन्दालाई थप घुमाउरो बाटो प्रयोग गर्नुपर्ने अवस्था आउन सक्ने भएकाले मर्मत कार्य छिटो सम्पन्न गर्नुपर्ने देखिएको छ ।


## एकै व्यक्ति भएको सूचना



*गण्डकी प्रदेश तनहुँ जिल्ला साविक भानु गा.वि.स वडा नं. ८ हाल भानु नगरपालिका वडा नं. ३ निवासी भारतीय भू.पु. सैनिक नं. १८२६०७L, Rank: HAV, Unit: १८-AR, TS No. ३९६९२ र PPO No. ०६८७३/९९ का गिरी ब. थापा भन्ने गिरी बहादुर थापा मगरको पेन्सन अभिलेखमा श्रीमतीको नामथर धन कुमारी थापा, (DKT Magar), जन्म मितिः २०१४/११/०५ भएको र निजको श्रीमतीको नेपाली नागरिकतामा नामथर धनकुमारी भन्ने धनकुमारी थापा मगर, जन्म मितिः २०१८/११/०७ भई नाम थर र जन्म मिति फरक परेता पनि व्यक्ति एकै भएको भनी जिल्ला प्रशासन कार्यालय तनहु र सोही वडा कार्यालयको च.न. ३०४ मिति २०८३/०६/१३ गतेको पत्रबाट सिफारिस भई आएकोले सोही व्यहोरा भारतीय पेन्सन प्रयोजनको लागि मात्र सिफारिस गरिन्छ ।*


# चैते धानमा तनहुँको .....

हुने अपेक्षा गरिएको छ ।

कार्यक्रमबाट जिल्लाका ५७६ जना किसान लाभान्वित भएका छन् । लाभान्वितमध्ये ३०१ जना महिला र २७५ जना पुरूष रहेका छन् । यसले चैते धान प्रवर्द्धन कार्यक्रम खेती क्षेत्र विस्तारमा मात्र सीमित नभई स्थानीय किसानलाई प्रत्यक्ष उत्पादनसँग जोड्ने प्रयासका रूपमा अघि बढेको देखाउँछ ।

कृषि विकास कार्यालयले चैते धानलाई वर्षे धानको प्रतिस्थापनका रूपमा मात्र हेरेको छैन । एउटै खेतबाट वर्षमा थप उत्पादन लिन सकिने सम्भावनालाई उपयोग गर्ने माध्यमका रूपमा पनि यसलाई अघि बढाइएको छ । सिँचाइ सुविधा भएका र खेतीका लागि उपयुक्त क्षेत्रमा चैते धान लगाउन सके किसानको कुल उत्पादन तथा आम्दानी बढाउन सकिने कार्यालयको विश्वास छ ।

तनहुँमा धान मुख्य खाद्यान्न बालीमध्ये एक भए पनि खेतीमा श्रम अभाव, उत्पादन लागत, सिँचाइको समस्या र आधुनिक प्रविधिको सीमित प्रयोगजस्ता चुनौती छन् । यस्तो अवस्थामा चैते धान खेतीसँगै कृषि यान्त्रीकरण र सिँचाइ पूर्वाधारलाई जोडेर अघि बढाइएको कार्यक्रमले उत्पादन प्रणालीलाई केही हदसम्म सहज बनाउने अपेक्षा गरिएको छ ।

कार्यालयले आगामी दिनमा चैते धान खेतीका लागि सम्भावना भएका थप क्षेत्र पहिचान गरी कार्यक्रम विस्तार गर्ने जनाएको छ । खेती विस्तारसँगै उन्नत बीउको प्रयोग, कृषि यन्त्रको पहुँच र सिँचाइ सुविधा बढाएर उत्पादकत्व वृद्धि गर्ने लक्ष्य कार्यालयको छ ।

चैते धानको क्षेत्रफल मात्र विस्तार गरेर पुग्दैन । उत्पादन लागत घटाउने, उत्पादकत्व बढाउने र किसानले उत्पादनको उचित मूल्य पाउने अवस्था निर्माण गर्न सके मात्र यसको दीर्घकालीन प्रभाव देखिनेछ । त्यसका लागि कृषि विकास कार्यालयले उत्पादनदेखि बजारीकरणसम्मका पक्षलाई क्रमशः जोड्दै लैजानुपर्ने आवश्यकता देखिन्छ ।

हालको कार्यक्रमबाट तीन हजार ८०५ रोपनीमा खेती र ८८६.५६ मेट्रिक टन उत्पादनको आधार तयार भएको छ । आगामी वर्षमा क्षेत्रफल र उत्पादकत्व दुवै बढाउन सके चैते धानले तनहुँको समग्र धान उत्पादनमा थप योगदान पुऱ्याउन सक्ने देखिन्छ । यसबाट जिल्लाको खाद्यान्न उत्पादन बढाउनुका साथै किसानको आयआर्जनमा समेत प्रत्यक्ष टेवा पुग्ने अपेक्षा गरिएको छ ।

# विद्यालय शिक्षा .......

त्यसैगरी, विद्यालयको प्रधानाध्यापक छनोट प्रक्रियामा पनि सुधार आवश्यक छ । प्रधानाध्यापकलाई केवल वरिष्ठताका आधारमा जिम्मेवारी दिने परम्पराभन्दा शिक्षकहरूमध्ये खुला, पारदर्शी र प्रतिस्पर्धात्मक प्रक्रियाबाट नेतृत्व क्षमता, शैक्षिक दृष्टिकोण, व्यवस्थापकीय क्षमता र विद्यालय सुधारको स्पष्ट योजनाका आधारमा प्रधानाध्यापक छनोट गर्ने व्यवस्था विकास गर्न सकिन्छ। यसले विद्यालय नेतृत्वलाई थप व्यावसायिक, उत्तरदायी र परिणाममुखी बनाउन सहयोग गर्न सक्छ ।

**९. प्रधानाध्यापकको भूमिकालाई शैक्षिक नेतृत्वमा केन्द्रित गर्नुपर्ने**

हाल प्रधानाध्यापकले एकैसाथ शैक्षिक नेतृत्व, प्रशासनिक व्यवस्थापन र वित्तीय तथा अन्य व्यवस्थापकीय जिम्मेवारी सम्हाल्नुपर्ने अवस्था छ । एउटै व्यक्तिमा यी सबै जिम्मेवारी केन्द्रित हुँदा प्रधानाध्यापकले विद्यार्थीको सिकाइ, शिक्षकको पेसागत विकास, कक्षाकोठाको शिक्षण–सिकाइ सुधार तथा शैक्षिक नेतृत्वमा पर्याप्त समय र ध्यान दिन कठिन हुने अवस्था आउन सक्छ ।

त्यसैले विद्यालयको नेतृत्व संरचनालाई पुनर्विचार गरी प्रधानाध्यापकलाई मुख्यतः शैक्षिक नेतृत्वकर्ताका रूपमा स्थापित गर्ने र विद्यालयको प्रशासनिक, वित्तीय तथा दैनिक व्यवस्थापकीय कार्यका लागि छुट्टै दक्ष प्रशासनिक जनशक्तिको व्यवस्था गर्ने प्रणाली विकास गर्न सकिन्छ । यस मोडलमा प्रधानाध्यापकले शिक्षकको पेसागत विकास, कक्षा अवलोकन तथा प्रतिक्रिया, पाठ्यक्रम कार्यान्वयन, विद्यार्थीको सिकाइ उपलब्धि, शैक्षिक योजना र विद्यालय सुधारको नेतृत्व गर्नेछन् । अर्कोतर्फ, प्रशासनिक नेतृत्वले बजेट, खरिद, अभिलेख, भौतिक पूर्वाधार, मानवस्रोत व्यवस्थापन तथा दैनिक प्रशासनिक कार्यको जिम्मेवारी सम्हाल्नेछ ।

यसरी शैक्षिक नेतृत्व र प्रशासनिक नेतृत्वबीच स्पष्ट कार्यविभाजन गर्न सकेमा प्रधानाध्यापकले आफ्नो मुख्य जिम्मेवारी अर्थात् विद्यार्थीको सिकाइ र विद्यालयको शैक्षिक गुणस्तर सुधारमा बढी केन्द्रित हुन सक्नेछन् । यसले विद्यालय नेतृत्वलाई थप विशेषज्ञतामा आधारित, जबाफदेही र प्रभावकारी बनाउन सक्छ ।

माथि प्रस्तुत गरिएका विषयहरु नेपालको विद्यालय शिक्षा सुधारका लागि आवश्यक पर्ने धेरै क्षेत्रमध्ये केही प्रमुख विचार मात्र हुन्। अबको सुधार केवल नयाँ नीति, नयाँ कानुन वा नयाँ पाठ्यक्रम निर्माणमा सीमित हुनु हुँदैन।

नीति निर्माणदेखि कक्षाकोठासम्म र शिक्षक तयारीदेखि विद्यार्थीको सिकाइ उपलब्धिसम्म जोडिने स्पष्ट कार्यान्वयन प्रणाली विकास गर्नुपर्छ। सेतोपाटीबाट (लेखक योगेन्द्र चापागाईं विगत तेह्र वर्षदेखि निरन्तर विद्यालय शिक्षा सुधारको क्षेत्रमा क्रियाशील रहँदै हाल अमेरिकामा अन्तर्राष्ट्रिय व्यावसायिक फेलोसिप कार्यक्रममा सहभागी छन्)





## स्तनपान र पुरक तथा थप खाना बारे जानकारी :

- जन्मेको १ घण्टा भित्र स्तनपान गराउन सुरू गर्ने ।
- जन्मेदेखि ६ महिनाको उमेरसम्म शिशुलाई आवश्यक पर्ने सम्पुर्ण पोषक तत्व आमाको दुधले नै प्रदान गर्ने भएकोले पुर्ण स्तनपान गराउने (अन्य कुनै खाना वा झोल कुरा नखुवाउने)
- ६ महिना पूरा भइसकेपछी बच्चालाई आमाको दुधले मात्र नपुग्ने भएकाले स्तनपानको साथ साथै थप आहार दिन सुरू गर्नु पर्छ
- पुरक तथा थप खाना खुवाउँदा ४ प्रकारका खानेकुरा (अन्न/कन्दमुल, गेडागुडी, हरियो सागपात/फलफुल र पशुजन्य खाना) मिसाएर खुवाउने ।
- ६-९ महिनाको बच्चाले कम्तिमा ३ पटक थप खाना खानु पर्दछ
- ९-१२ महिनाको बच्चाले कम्तिमा ३ पटक खाना र १ पटक खाजा खानु पर्दछ ।
- १२-२४ महिनाको बच्चाले कम्तिमा ३ पटक खाना र २ पटक खाजा खानु पर्दछ ।

**बच्चालाई पुरक तथा थप खाना बनाउँदा २ बालबालिकाको चिन्ह भएको आयोडिन युक्त नुनको प्रयोग गर्नु पर्छ। साथै खाना खानु अघि पछि साबुन पानीले हात मिचिमिचि धुने र स्वच्छ पानीको प्रयोग गर्नु पर्छ ।**

**व्यास नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
दमौली तनहुँ । गण्डकी प्रदेश

## मिर्लुङ पोलिक्लिनिक प्रा.लि.

**व्यास नगरपालिका-२, दमौली तनहुँ**

फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्, स्टेचिङ् आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९


# म्याग्देको हर्षपुरमा स्थानीय कृषि प्रदर्शनी तथा खाद्य मेला

## स्थानीय उत्पादन प्रवर्द्धनसंगै जलवायु मैत्री खेतीमा जोड

**भञ्ज्याङ समाचारदाता**/म्याग्दे

स्थानीय कृषि उत्पादनको प्रवर्द्धन तथा जलवायु मैत्री कृषि अभ्यासलाई प्रोत्साहन गर्ने उद्देश्यले तनहुँको म्याग्दे गाउँपालिका–७ हर्षपुरमा स्थानीय कृषि प्रदर्शनी तथा खाद्य मेला आयोजना गरिएको छ। 'जलवायु मैत्री खेती गरौँ, स्थानीय उत्पादन बढाऔँ, स्वस्थ परिवार, समृद्ध किसान र दिगो समाज बनाऔँ' भन्ने मूल उद्देश्यसहित मेला सञ्चालन गरिएको हो ।

जलवायु उत्थानशील किसान समूह हर्षपुर क्षेत्र, जलवायु उत्थानशील किसान समूह कुर्लेचौर तथा महिला उद्यमी समूह म्याग्देको आयोजनामा भएको मेलामा स्थानीयस्तरमा उत्पादन भएका कृषि उपज, खाद्य परिकार तथा किसानका गतिविधि प्रदर्शन गरिएको थियो ।

मेलामा स्थानीय उत्पादनलाई उपभोक्तासम्म पुऱ्याउने, किसानले उत्पादन गरेका कृषि उपजको पहिचान र बजार प्रवर्द्धन गर्ने तथा स्थानीय परिकारको संरक्षण र प्रयोगलाई बढावा दिने प्रयास गरिएको आयोजकले जनाएको छ। कृषि उत्पादनलाई केवल घरायसी उपभोगमा सीमित नराखी उद्यम र आयआर्जनसँग जोड्ने विषयलाई समेत मेलाले प्राथमिकता दिएको थियो ।

जलवायु परिवर्तनका कारण कृषि क्षेत्रमा देखिन थालेका चुनौतीलाई ध्यानमा राख्दै स्थानीयस्तरमा जलवायु अनुकूलन तथा उत्थानशील कृषि अभ्यास विस्तार गर्ने उद्देश्यसमेत मेलाले बोकेको छ । मौसममा हुने परिवर्तन, पानीको उपलब्धता तथा उत्पादन प्रणालीमा देखिने जोखिमलाई ध्यानमा राखेर किसानलाई अनुकूल कृषि अभ्यासतर्फ प्रोत्साहित गर्ने कार्यक्रम आयोजना गरिएको हो ।

स्थानीय उत्पादनको प्रवर्द्धनसँगै किसानलाई उत्पादन, प्रशोधन, परिकार निर्माण तथा बजारीकरणका गतिविधिसँग जोड्न सके कृषि क्षेत्रलाई थप व्यावसायिक बनाउन सकिने आयोजकको भनाइ छ ।




विशेषगरी महिला उद्यमी तथा किसान समूहको सहभागिताले स्थानीय उत्पादनलाई आयआर्जनसँग जोड्ने सम्भावनालाई समेत उजागर गरेको छ ।

म्याग्दे गाउँपालिकाको समन्वय तथा सहकार्यमा आयोजना गरिएको मेला डीपी डेनमार्क चिल्ड्रेन नेपालअन्तर्गत सञ्चालित जलवायु उत्थानशील समाज विकास परियोजनाले मेलाका लागि सहयोग गरेको बताइएको छ ।

आयोजकका अनुसार स्थानीय उत्पादनको प्रयोग र प्रवर्द्धनले किसानको उत्पादनलाई बजारसँग जोड्नुका साथै स्थानीय खाद्य संस्कृतिको संरक्षणमा समेत योगदान पुऱ्याउन सक्छ । जलवायु परिवर्तनको प्रभावबीच स्थानीय स्रोत र सम्भावनामा आधारित कृषि प्रणाली विकास गर्न यस्ता गतिविधिले किसानलाई प्रोत्साहन गर्ने अपेक्षा गरिएको छ ।

# बन्दीपुरमा स्वास्थ्य शिविर : हाडजोर्नी तथा नशा रोगमा १२३, मेडिसिनमा ८० जनाले नि:शुल्क सेवा लिए

**भञ्ज्याङ समाचारदाता**/बन्दीपुर

बन्दीपुर अस्पतालमा सुरू गरिएको विशेषज्ञ स्वास्थ्य सेवाको पहिलो दिन २०३ जना सेवाग्राहीले नि:शुल्क स्वास्थ्य परीक्षण तथा विशेषज्ञ चिकित्सकबाट परामर्श सेवा लिएका छन् । शनिबार सञ्चालन गरिएको विशेषज्ञ सेवाअन्तर्गत हाडजोर्नी तथा नशा रोगतर्फ १२३ जना र इन्टर्नल मेडिसिनतर्फ ८० जनाले सेवा लिएका हुन् ।

अस्पतालले विशेषज्ञ चिकित्सकको सेवा स्थानीयस्तरमै उपलब्ध गराउने उद्देश्यले विशेषज्ञ सेवा सञ्चालनमा ल्याएको जनाएको छ । सेवाग्राहीले विशेषज्ञ चिकित्सकबाट स्वास्थ्य परीक्षण तथा आवश्यक परामर्श नि:शुल्क रूपमा पाएका छन् ।

अस्पतालका अनुसार पहिलो दिन सेवाग्राहीको सहभागिता उल्लेख्य रहेको थियो। विशेषज्ञ सेवा लिन आएका सेवाग्राहीबाट प्राप्त सुझाव तथा प्रतिक्रियालाई आधार बनाएर आगामी दिनमा सेवा थप प्रभावकारी र सेवाग्राहीमैत्री बनाइने अस्पतालले जनाएको छ।



यस्तै, अस्पतालका प्रमुख डा. अनिल गिरीले विशेषज्ञ सेवा सञ्चालनका लागि सहयोग गर्ने सम्बन्धित सबैप्रति आभार व्यक्त गरेका छन् । पहिलो दिनको सेवा सञ्चालनका क्रममा देखिएका व्यावहारिक पक्ष तथा सेवाग्राहीबाट प्राप्त रचनात्मक सुझावलाई समेटेर आगामी सेवामा आवश्यक सुधार गरिने उनले बताए ।

यसैबीच, बन्दीपुर अस्पतालमा अर्को शनिबार असोज २४ गते स्त्री तथा प्रसूति रोग र बालरोग विशेषज्ञ सेवा सञ्चालन हुने भएको छ । अस्पतालले सम्बन्धित सेवाग्राहीलाई सेवा सञ्चालन हुने मितिबारे अग्रिम जानकारी गराएको प्रमुख डा. गिरीले जानकारी गराए।

स्थानीयस्तरमै विशेषज्ञ चिकित्सकीय सेवा उपलब्ध हुन थालेपछि बन्दीपुर तथा आसपासका नागरिकलाई सामान्य स्वास्थ्य परीक्षणका लागि मात्र नभई विशेषज्ञ परामर्शका लागि समेत टाढाका अस्पतालमा जानुपर्ने बाध्यता कम हुने अपेक्षा गरिएको छ । अस्पतालले विशेषज्ञ सेवा नियमित र प्रभावकारी बनाउन सेवाग्राहीको सुझावलाई समेत प्राथमिकतामा राख्ने जनाएको छ।

# घरघरमै पुगेर गाईभैंसीलाई ......

पशु स्वास्थ्य प्राविधिकको प्रत्यक्ष निगरानीमा खोप लगाउने र आवश्यक स्वास्थ्यसम्बन्धी परामर्शसमेत दिने व्यवस्था गरिएको नगरपालिकाले जनाएको छ ।

खोरेत नियन्त्रणका लागि खोपसँगै पशु गोठको सरसफाइ, संक्रमित पशुलाई अन्य पशुबाट अलग राख्ने, बाहिरबाट ल्याइएका पशुको स्वास्थ्य परीक्षण गर्ने तथा रोगको लक्षण देखिएमा तत्काल सम्बन्धित पशु प्राविधिकलाई जानकारी गराउनेजस्ता उपाय पनि आवश्यक हुन्छन् ।

नगरपालिकाको घरदैलो पशु स्वास्थ्य सेवाले किसानलाई सहजता प्रदान गर्नुका साथै पशुमा लाग्ने संक्रामक रोग नियन्त्रणमा सहयोग पुग्ने अपेक्षा गरिएको छ। पशुधनको स्वास्थ्य सुरक्षित रहँदा दूध तथा मासु उत्पादनमा हुने क्षति कम गर्न र किसानको आम्दानी संरक्षण गर्नसमेत यस अभियानले योगदान पुऱ्याउने देखिन्छ ।

## facebook twitter



**Nilamber Acharya**
x.com/nilacharya

मानिस त गजब हुन्छ
आफैले आफूलाई सम्झाउन सक्छ
आफैले आफूलाई उठाउन सक्छ ।

आफ्नो क्षमता चिन्यो भने
अभ्यास पनि गऱ्यो भने
आफैलाई जित्न सक्छ ।

शरीरले आनाकानी गरे पनि
मनले अल्छी गरे पनि
दुबैलाई क्रियाशील पार्न सक्छ ।

मानिस चानचुने हुँदैहोइन
आफूलाई मात्र होइन
धेरैलाई बदल्न सक्छ ।



**Muma Ram Khanal**
x.com/MumaRamKhanal

धेरै काँग्रेसी लेखकहरूले वि.सं. २०७४ सालमा एमाले र माओवादीको बीचमा भएको पार्टी एकता र उनीहरूको झण्डै दुइ तिहाई हाराहारीको संसदीय सिट संख्या आएपछि लेख्ने लेखको शिर्षक हुन्थ्यो– 'काँग्रेस पराजयका कारणहरु' । अचम्म त के थियो भने अधिकांश काँग्रेसीहरु काँग्रेसी लेखकका त्यस्ता लेख पढेपछि अझै धेरै अल्मलिन्थे ।
अहिले पनि अवस्था उस्तै छ । काँग्रेसी लेखक लेख्दैछन्– 'पार्टीमा एकताको विकल्प छैन ।' अझै पनि देउवा एण्ड कम्पनीको जोडजाडले पार्टी बलियो हुन्छ भने त्यस्तो 'बलियो पार्टी' मुलुकको लागि अनावश्यक बोझ हो ।

# बुलिङटारमा मौरी पालनको घुम्ती तालिम

**भञ्ज्याङ समाचारदाता**/तनहुँ

नवलपुरको बुलिङटार गाउँपालिका–२ रामकोटमा मौरीपालनसम्बन्धी दुई दिने स्थलगत घुम्ती तालिम तथा सेवा–टेवा कार्यक्रम गरिएको छ । व्यवसायिक कीट विकास केन्द्र, बन्दीपुर तनहुँ मौरीपालनको प्रविधि, घार व्यवस्थापन, मौरीको स्वास्थ्य तथा व्यावसायिक उत्पादनका विषयमा कृषकलाई व्यवहारिक जानकारी उपलब्ध गराउने उद्देश्यले तालिम सञ्चालन गरेको हो ।

गाउँमै पुगेर सञ्चालन गरिएको तालिममा स्थानीय कृषकलाई मौरीपालनका लागि आवश्यक प्राविधिक ज्ञान तथा व्यवस्थापनका उपायबारे जानकारी दिइएको थियो। पर्न सक्ने भएकाले प्राविधिक ज्ञान र नियमित निगरानी आवश्यक हुनेमा समेत जोड दिइएको थियो ।

स्थानीय कृषकलाई गाउँमै प्राविधिक सेवा उपलब्ध गराउने उद्देश्यले घुम्ती तालिम सञ्चालन गरिएको केन्द्रले जनाएको छ। केन्द्रका अनुसार मौरीपालनसम्बन्धी ज्ञान तथा प्रविधि कृषकको पहुँचसम्म पुऱ्याउँदा नयाँ कृषकलाई व्यवसाय सुरू गर्न र भइरहेका मौरीपालकलाई उत्पादन तथा व्यवस्थापन सुधार गर्न सहयोग पुग्नेछ ।

रामकोटमा मौरीपालनको सम्भावना रहे पनि त्यसलाई व्यावसायिक रूपमा विस्तार गर्न प्राविधिक ज्ञान, गुणस्तरीय मौरी तथा घारको उपलब्धता, रोग तथा शत्रुजीव नियन्त्रण र उत्पादित महको बजार व्यवस्थापन महत्वपूर्ण पक्षका रूपमा रहेका छन् । कृषकलाई यस्ता विषयमा निरन्तर प्राविधिक सहयोग आवश्यक पर्ने बताइएको छ ।




मौरीपालनका लागि रामकोट क्षेत्रमा अनुकूल वातावरण र पर्याप्त सम्भावना रहेकाले स्थानीयस्तरमा यसको व्यावसायिक विस्तार गर्न सकिने आयोजकको भनाइ छ । मौरीपालनबाट मह उत्पादनसँगै कृषि बालीको परागसेचनमा समेत सहयोग पुग्ने भएकाले यसलाई कृषि उत्पादनसँग जोडेर आयआर्जनको माध्यम बनाउन सकिने बताइएको छ ।

तालिमका क्रममा मौरीपालन सुरू गर्दा आवश्यक पर्ने प्रविधि, घारको व्यवस्थापन, मौरीको संरक्षण तथा उत्पादन बढाउने उपायका विषयमा कृषकलाई स्थलगत जानकारी प्रदान गरिएको थियो । मौरीपालनमा सामान्य व्यवस्थापनको कमजोरीका कारण उत्पादनमा असर

कार्यक्रम रामकोटसम्म पुऱ्याउन समन्वय गर्ने कृषि विकास कार्यालय, नवलपुर, बुलिङटार गाउँपालिका कृषि विकास शाखा तथा रामकोट कृषक समूहलाई व्यवसायिक कीट विकास केन्द्रले धन्यवाद व्यक्त गरेको छ । स्थानीय कृषकको सहभागितामा सञ्चालन गरिएको तालिमले रामकोट क्षेत्रमा मौरीपालनलाई थप व्यवस्थित र व्यावसायिक बनाउन आधार तयार गर्ने अपेक्षा गरिएको छ। स्थानीय स्रोत, सीप र बजारको सम्भावनालाई जोड्न सके मौरीपालन ग्रामीण क्षेत्रका कृषकका लागि अतिरिक्त आम्दानीको स्रोत बन्न सक्ने देखिन्छ ।

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास–२, दमौली, तनहुँ । **फोनः** ०६५–५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५–५६०१२४